नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

राजविराज दैनिक

वर्ष ३० अंक १२४ २०७७ साल मंसिर २६ गते शुक्रबार (11 Dec. 2020 Friday) मूल्य रु. ५/-

२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : 'मानवलाई बाँच्नै ... ३ पृष्ठमा : अब पाइपलाइनबाट ... ३ पृष्ठमा : कोभिड-१९ विरुद्धको संघर्षमा ...

सर्लाहीका उखु किसानले आन्दोलन गर्ने ५२ करोड भन्दा बढी बक्यौता बाँकी

दैनिक समाचारदाता
सर्लाही २५, मंसिर ।

चिनी मिल सञ्चालकबाट बक्यौता रकम उठाइदिन सरकारले गरेको बाचा पुरा नभएको भन्दै सर्लाहीका उखु किसानले मंसिर २८ गतेदेखि काठमाडौंस्थित माइतीघरमा धर्ना दिने भएका छन् ।

माइतिघर मण्डलाबाट निकास ननिस्किए सिंहदरबार र बालुवाटार घेराउसम्मको आन्दोलन गर्ने गरी तयारी गरिएको उखु किसान संघर्ष समिति सर्लाहीका संरक्षक राकेश मिश्रले जानकारी दिएका छन् ।

सरकारले किसानसँग गरेको पटक-पटकको बाचाअनुसार मंसिर २६ गतेसम्म किसानले बक्यैता प्राप्त गर्नुपर्ने भएपनि एक वर्षको अवधिमा कुनै प्रगति नभएको मिश्रले बताए । तिहारअघि पनि उद्योग मन्त्रीलाई भेटेर माग राख्दा उनले पैसा दिलाइदिने आश्वासन दिँदा पनि हालसम्म पैसा नआएको मिश्रले गुनासो गरे ।

यता सरकारले किसानसँग पटक-पटक सम्झौता गरेपनि त्यसको कार्यान्वयन नभएपछि निर्णायक आन्दोलनमा गर्ने क्षणमा पुग्नु परेको किसानहरुले बताएका छन् ।

काठमाडौं केन्द्रित आन्दोलनको कार्यक्रमअन्तर्गत माइतीघर मण्डलामा शान्तिपूर्ण धर्ना दिने, नागरिक समाज, सञ्चारकर्मी र मानवअधिकारकर्मीलाई आफ्नो व्यथा सुनाउने लगायतका तयारी किसानहरुको छ ।

चार वटा चिनी मिलबाट उखु किसानले करोडौं रुपैयाँ बक्यौता पाउन बाँकी छ । सरकारी तथ्यांक अनुसार उखु मिलसँग किसानले अझै ५२ करोड भन्दा धेरै बक्यौता पाउनु पर्नेछ ।

जसअनुसार श्रीराम सुगर मिलले २६ करोड, इन्दिरा सुगर मिलले ४ करोड ७० लाख, लुम्बिनी सुगर मिलले ८ करोड ४१ लाख तथा अन्नपूर्ण सुगर मिलले १७ करोड रुपयाँ किसानलाई बुझाउन बाँकी छ ।

श्रीराम सुगर मिलले बक्यौता तिर्न जग्गा बिक्रीको प्रस्ताव राखेको तर भूमिसुधार मन्त्रालयबाट स्वीकृति नपाइएको मन्त्रालयकी सहप्रवक्ता उर्मिला केसीले बताए । उनले चिनी मिलका सञ्चालकहरु मन्त्रालयको सम्पर्कमै रहेको र किसानका लागि बक्यौता दिलाउन मन्त्रालयले निरन्तर प्रयास गरेको बताए ।

मल, खाद, बिउ लगायतको व्यवस्थापन र उपलब्धता गराउन काँग्रेसको माँग

दैनिक समाचारदाता
राजविराज २५, मंसिर ।

नेपाली काँग्रेस क्षेत्रिय कार्य समिति सप्तरीले मल, खाद, उन्नत बीउ प्राविधिक तथा उत्पादित बालीको बजार व्यबस्थापन तथा उपलब्धता गर्न माँग गरेको छ ।

बिहिवार क्षेत्र नम्वर २ कार्यसमितिले बिज्ञप्ति जारी गर्दै सिचाई एंव कृषि मेसिन संचालनको लागि डिजेल लगायत अन्य पेट्रोलियम पदार्थको सहज उपलब्ध गराउन स्थानिय प्रशासनले समुचित व्यबस्थापन गर्न नसकेको प्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

क्षेत्रिय सभापित महानन्द प्रसाद यादबद्वारा जारी बिज्ञप्तिमा किसानका लागि चाहिने सम्पुर्ण मल, खाद, उन्नत बीउ लगायतका कृषि सामग्रीको उपलब्धता, कृषि उपजको बजार व्यबस्थापन मिलाउन र पेट्रालियम पदार्थको सहज रूपमा जिल्ला भरी ओसार पोसार गर्नका लागि आबश्यक व्यबस्था मिलाई दिन स्थानिय प्रशासन सँग जोडदार माँग समेत गरिएको छ ।

चार लाख रकम लुटिए

दैनिक समाचारदाता
सिरहा २५, मंसिर ।

सिरहाको लहान नगरपालिका ३ भगवानपुर गाउँ नजिकैबाट चार लाख रकम लिएर घर जाँदै गरेका एक व्यक्तिको साथबाट सो रकम लुटिएको छ ।

घरायसी ऋण तिर्न लहानस्थित जनउत्थान बचत तथा ऋण सहकारी संस्थाबाट चार लाख रकम लिएर घर जाँदै गरेका गाढा गाउँका करिब ५४ वर्षीय जागेश्वर यादवलाई पेस्तोल देखाई मास्क लगाएका दुई अपरिचित व्यक्तिको समूहले सो रकम लुटेर लगेको प्रहरीले जनाएको छ ।

मोटरसाइकलमा सवार मास्क र कालो हेल्मेट लगाई बाटो कुरिरहेका दुई जना मध्ये एक जनाले पेस्तोल छातीमा

बाँकी अन्तिम पृष्ठमा

१५ जना बिरामीरुलाई दोसल्ला ओढाएर सम्मान

दैनिक समाचारदाता
राजविराज २५, मंसिर ।

७२ औं विश्व मानवअधिकार दिवसको अवसर बिहीबार गजेन्द्र नारायण सिंह अस्पतालका १५ जना बिरामीरुलाई दोसल्ला ओढाएर सम्मान गरिएको छ ।

महिला अधिकारकर्मी सुनिता साहले अस्पतालका बिरामीलाई फलफूलसहित दोसल्ला ओढाएर सम्मान गरेकी हुन् ।

अस्पतालको गाइनो वार्डमा भर्ना भएका १२ जना र सर्जिकल वार्डका ३ जना बिरामीलाई फलफूल, एक थान मास्कसहित दोसल्ला ओढाएर सम्मान गरिएको जनाइएको छ ।

'सबैका लागि समान मानवअधिकार र आत्मसम्मानको प्रत्याभूति होस् र समान अवसर र लैङ्गिक समानता सुनिश्चित होस भन्दै आफुले अस्पतालका बिरामीलाई फलफूलसहित दोसल्ला ओढाएर सम्मान गरेको महिला अधिकारकर्मी सुनिता साहले बताइन् ।

बृद्धबृद्धालाई समान्न गर्न र मानवअधिकारको प्रत्याभूति हुने भएकाले यसतर्फ सबैले ध्यान दिनुपर्ने अधिकारकर्मी साहको भनार्य थियो ।

ट्वाइलेट सफा गर्ने क्रममा एकको मृत्यु, तीन जना बेहोस

दैनिक समाचारदाता
सिरहा २५, मंसिर ।

सिरहाको विष्णुपुर गाउँपालिकामा एक जनाको ट्वाइलेट सफा गर्ने क्रममा निसासिएर मृत्यु भएको छ भने ती जना बेहोस भएका छन् ।

बिष्णुपुर गाउँपालिका वडा नं. ४ थल्हाकटहामा ट्वाइलेट

बाँकी दुई पृष्ठमा

शितलहरवाट जोखिम न्यूनीकरण [illegible]को बिषयमा ध्यान दिऔं :

- जाडो यामको लागि समयमै न्यानो कपडाको [illegible] गरौं ।
- शितलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं ।
- रातको समयमा न्यानो सिरक,कम्मल जस्ता ओड्ने प्रयोग गरौं।
- शितलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राखौं, छाती र टाउकोलाई बिशेष गरेर चिसोबाट जोगाऔं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्तमात्रामा तातो झोलिलो खानेकुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा बिशेष सतर्कता अपनाऔं, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं ।
- शितलहर चलेको बेलामा घरेलु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने व्यवस्था मिलाऔं, गोठ अथवा टहरामै राखेर प्रर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त पुर्याऔं ।
- चिसो मौसममा कोभिड-१९को सक्रमण बढी हुने हुदा स्वास्थ्य सम्बन्धि मापदण्ड अपनाउन बिशेष ध्यान दिऔं।
- चिसोका कारण पुशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने व्यवस्था मिलाऔं ।
- कोटा भित्र आगो बाली तातो पार्दा प्रर्याप्त भेण्टिलेशनको व्यवस्था मिलाउने गरौं।

जिल्ला प्रशासन कार्यालय,
जिल्ला बिपद् व्यवस्थापन समिति,
सप्तरी

लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं

भिडभाड हुने स्थान
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

भौतिक दूरी कम हुने स्थान
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

भेन्टिलेशन नभएको
वा दोहोरो हावा नचल्ने स्थान



यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र **भेन्टिलेशन** पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात सधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं

आभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

७२ प्रतिशतलाई कोभिड-१९ खोप तयारी

काठमाडौँ, २५ मङ्सिर (रासस)।

नेपालको कूल जनसङ्ख्याको ७२ प्रतिशत मानिसलाई कोरोना भाइरसविरुद्ध खोप लगाउने योजना सरकारले बनाएको छ। कूल जनसङ्ख्याको दुई तिहाइभन्दा बढीलाई खोप लगाउँदा त्यसले समुदायस्तरमा प्रतिरोधात्मक क्षमताको कार्य गर्ने र अन्यलाई लगाउनु नपर्ने हुन्छ।

बालबालिकालाई अहिलेसम्म खोप परीक्षण नगरिएको र उनीहरूबाहेक सबैलाई खोप लगाउने योजना रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले जानकारी दिनुभयो।

अहिले बन्न थालेको खोप १५ वर्षभन्दा माथिका उमेर समूहलाई मात्र परीक्षण गरिएकाले नेपालमा पनि सोही समूहका व्यक्तिलाई लगाइने छ। नेपालमा १५ वर्षमुनिका २८ प्रतिशत जनसङ्ख्या रहेको र उनीहरूलाई खोप लगाइने छैन। उहाँले बालबालिकाभन्दा माथिका उमेर समूहमा परीक्षण भएर सफल भएपछि तिनलाई पनि खोप लगाइने जानकारी दिनुभयो।

सरकारले पहिलो चरणमा २० प्रतिशत जनसङ्ख्यालाई खोप लगाउने भएको छ। मन्त्रालयले विश्व स्वास्थ्य सङ्गठन, ग्लोबल भ्याक्सिन अलाइन्स 'गाभी' र 'सेपी' नामक तीन सङ्गठनको 'कोभ्याक्स सुविधा' नामक संयन्त्रअन्तर्गत निःशुल्क खोप ल्याउने तयारी गरेको छ। 'कोभ्याक्स सुविधा' ले गरीब र कम आय भएका मुलुकलाई निःशुल्क खोप उपलब्ध गराउने भएको छ।

कोभिड-१९ खोप सल्लाहकार समितिका संयोजक डा श्यामराज उप्रेतीले कोभ्याक्समार्फत ल्याइने खोपका लागि यही मङ्सिर १९ गते कूटनीतिकपत्र पठाइसकिएको जानकारी दिनुभयो।

पहिलो चरणमा आउने २० प्रतिशतमध्ये शुरुमा तीन प्रतिशत स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र वृद्धवृद्धालाई दिइनेछ। सरकारले बाँकी ५२ प्रतिशत खोप कूटनीतिक नियोगबाट सरकार-सरकार (जिटुजी) सार्वजनिक खरीद नियमावलीअनुसार र ठेक्कामार्फत ल्याउने छ। उहाँका अनुसार सरकारले रु ४८ अर्ब खोप ल्याउनका लागि बजेट विनियोजन गरेको छ।

अहिले फाइजर एण्ड बायोएनटेक, मोडेर्ना (अमेरिका), अक्सफोर्ड-एस्ट्राजेनेका (बेलायत), 'स्पुतनिक-भी' र ग्यामेलिया (रुस) र 'साइनोभ्याक्स'(चीन) का खोप अहिले अन्तिम परीक्षणमा छन्। तीमध्ये फाइजर कम्पनीको खोप सफल परीक्षण भई विश्व वास्थ्य सङ्गठन (डब्लुएचओ)ले भर्खरै मान्यता प्रदान गरेको छ।

ट्वाइलेट सफा ...

सफा गर्ने क्रममा निसासिएर मृत्यु हुनेमा कल्याणपुर नगरपालिका १ निवासी ५० वर्षीय सुरज पासवान रहेको प्रहरीले जनाएको छ।

करिब २० दिनअघि बनाइएको ट्वाइलेट्को हदको ढक्कन खोलेर सफाइ गर्न प्रवेश गरेपछि अक्सिजन अभावले बेहोश भई पासवानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

जिल्ला प्रहरी कार्यलयका अनुसार घाइते हुनेहरुमा सिरहाको सुखिपुर नगरपालिका ५ निवासी १८ वर्षीय राम सिहहेश्वर सदा, कलियानपुर नगरपालिका १ निवासी ४७ वर्षीय देवनारायण पासवान र स्थनिय राम अवतार पासवान रहेका छन्।

उनीहरु मृतकलाई निकाल्न हदमा प्रवेश गर्ने क्रममा बेहोस भएको स्थानीय हरिनारायन यादवले बताए। घइते तिनैजनाको जिल्ला अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ। यता ट्वाइलेट हदमा अक्सिजन अभावभएपछि पंखा चलाएर बेहोस भएकाहरू सँगै मृतकलाइ पनि स्थानीयले निकालेका थिए।

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

'मानवलाई बाँच्नै सकसको वर्ष'

काठमाडौँ, २५ मङ्सिर (रासस)।

बिहीबार डिसेम्बर १०, अन्तर्राष्ट्रिय मानवअधिकार दिवस विश्वभर मनाइँदैछ। सन् १९४८ डिसेम्बर १० अर्थात् आजकै दिन संयुक्त राष्ट्रसङ्घको महासभाले 'विश्व मानवअधिकार घोषणा पत्र, १९४८' जारी गरेको दिनको स्मरणमा आजका दिनलाई विश्वभर नै विश्व मानवअधिकार दिवसका रूपमा संसारभर मनाइन्छ। संयुक्त राष्ट्रसङ्घद्वारा जारी ३० बुँदे सो घोषणापत्रले नागरिकका समग्र अधिकारका विषयलाई समेटेको छ। संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्र एवं यो घोषणापत्रका पक्षराष्ट्रका रूपमा रहेका विश्वका देशले आजका दिनलाई विश्व मानवअधिकार दिवसका रूपमा मनाउँदै आएका हुन्।

यो वर्ष लाग्नासाथै विश्वव्यापीरूपमै कारोना भाइरस 'कोभिड-१९' को महामारीको असर देखियो र यसका कारण विश्वमा लाखौँ नागरिकले ज्यान पनि गुमाउनुपऱ्यो। कति नागरिक परिवार गुमाउनुपरेको पीडामा छन् भने महामरीबाट ज्यान जाने क्रम अहिले पनि रोकिएको छैन। यसरी विगत वर्षका तुलनामा हेर्दा यस वर्ष महामारीबाट सिर्जित विविध कारणले गर्दा नागरिकका अधिकारका दायरा पनि खुम्चिएका तथा यसैकारण विश्वका कैयौँ देशका नागरिकका आधारभूत अधिकारसमेत हनन् भएका गुनासा पनि विश्वव्यापीरूपमै सुनिएको छ।

मानवअधिकारका अन्य विषय वस्तुभन्दा पनि यो वर्ष नागरिकले ज्यान जोगाउन नै ठूलो सकस भएको अनुभव संसारका विभिन्न देशका नागरिकको छ। नागरिकलाई यस्तो भयो कि मनौँ बाँच्न पाउनु नै मानिसको सबैभन्दा ठूलो अधिकार हो। त्यसैले पनि यस वर्ष बाँच्नु र बचाउनुलाई मूल विषयवस्तु बनाएर वर्ष विश्वभरि नै मानवअधिकार दिवस मनाइँदैछ। नागरिकले बाँच्न पाउनु नै मानवअधिकारको आधारभूत अधिकार हो। जुन कोभिड महामारीका कारण सङ्कटमा परिरहेको देखिएको छ।

कोभिड-१९ को महामारीबाट हालसम्म (बुधबारसम्म) विश्वमा छ करोड ८४ लाख १४ हजार १२२ जना सङ्क्रमित भएका छन् भने १५ लाख ६० हजार ६३० को मृत्यु भइसकेको छ। नेपालमा दुई लाख ४१ हजार ९९५ जना सङ्क्रमित र एक हजार ६१४ जनाको दुःखद निधन भइसकेको छ। अहिलेको अवस्थालाई मानवलाई बाँच्नकै लागि निकै मुस्किल परेको अवस्थाका रूपमा हेर्न सकिन्छ। मानवकै रक्षाका लागि यो वर्ष मानवअधिकार दिवसको अन्तर्राष्ट्रिय नारा पनि महामारीसँग सम्बन्धित नै राखिएको छ भने राष्ट्रिय नारा 'महामारीमा मानवअधिकार : स्वास्थ्य सेवामा सबैको पहुँच विस्तार' तय गरिएको छ। यी नाराअनुसार महामारीको समयमा नागरिकको अधिकारको रक्षा गर्न विश्वका अधिकारवादी सङ्घसंस्थाले आफ्ना आवाजहरू बुलन्द गरिरहेका बताइएको छ।

कोभिडको सङ्क्रमणबाट बच्न खोप तयार भएका समाचार आइरहेका छन्। यसले मानिसलाई केही आशा पलाएको छ तर ती खोपको उपलब्धता सर्वसुलभरूपमा हुनसक्छ कि सक्दैन या विश्वका विभिन्न स्थानका नागरिकले खोप पाउन सक्छन् कि सक्दैनन् भन्ने विषय पनि यस वर्ष मानवअधिकारसँगै जोडिने भएको छ। यस वर्ष विश्वका अधिकारवादी सङ्घसंस्थाको कार्य अन्य कार्यहरूका अतिरिक्त यस विषयमा अझ बढी केन्द्रित हुने देखिएको छ।

विकसति राष्ट्रमा मात्र नभएर विकासशील देशमा खोपको व्यवस्था मिलाउनुपर्ने टड्कारो आवश्यकता देखिन्छ। कोभिडको महामारीका कारण मानवअधिकारको अवस्था जटिल बनिरहेको छ। महामारीका बेला सरकारले नागिरकको रक्षा गर्नु मुख्य दायित्व हुन आउँछ। नेपाल सरकारले कोभिड सङ्क्रमण भएका व्यक्तिलाई सरकारी अस्पतालबाट निःशुल्क सेवा प्रदान गर्दै आएको छ।

"सरकार सधैँ नागरिकको सुरक्षा, शान्ति र प्रगतिका लागि काम गरेको छ", सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले भन्नुभयो, "मानवअधिकार सुरक्षित गर्न सरकार सदा तयार छ, नागरिकको बाँच्नु पहिलो शर्त हो, कोभिडबाट बाँच्ने भन्ने कुरा मुख्य छ, त्यसबाट बचाउनका लागि सरकारले भरपुर प्रयास गरिरहेको छ।" कोभिडको खोप पत्ता लागेको हुँदा खोपलाई विकसित देशका साथै विकासोन्मुख, अतिकम विकसित र विकासोन्मुख देशले पनि यसको लाभ लिन सकोस् भन्नेमा सरकारको ध्यान केन्द्रित भएको उहाँको भनाइ छ।

नेपालमा महामारीभन्दा अन्य खालका मानवअधिकार उल्लङ्घनका घटनामा पनि कमी आउन सकेको छैन। जातीय, लैङ्गिक, क्षेत्रीय तथा भाषिकरूपमा पनि मानवअधिकार उल्लङ्घनका घटना कमी भएको महसुस हुनसकेको छैन। जातीय विभेद, छुवाछूत, बलात्कार, हत्या, हिंसालगायतका घटना दिनप्रतिदिन बढ्दो दरमा भइरहेका छन्। यस्तो अवस्थामा सबै क्षेत्रबाट एकजुट भई मानवअधिकारको संरक्षण र संवर्द्धनमा लाग्नुपर्ने देखिन्छ।

"लैङ्गिक हिंसा, छुवाछूत, बलात्कारजस्ता घटनाका विषयमा धेरै कानून बनेका छन्", कानून, न्याय तथा संसदीय मामिलामन्त्री डा शिवमाया तुम्बाहाङ्फेले भन्नुभयो, "तीन तहकै सरकारले विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गर्नमा ध्यान दिनुपर्छ, तब मात्र मानवअधिकारको संरक्षण हुन्छ।" वर्तमान आवश्यकतानुसार संसद्ले कानून बनाउने गरेको भएता पनि कार्यान्वयनमा कमी हुने कारण गर्दा बनेका कानून पनि प्रभावकारी हुनसकेका छैनन्। जसले गर्दा समाजमा विकृति र विसङ्गति न्यूनीकरणमा कठिनाइ देखिएको छ।

मानवअधिकारको अवस्थामा हुन सकेन सुधार

राष्ट्रिय मानवअधिकार आयोगको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन मानवअधिकारको अवस्थामा अपेक्षाकृत सुधार हुन नसकेको निष्कर्ष निकालेको छ। यस अवधिमा मानवअधिकार उल्लङ्घन भएको भनी १३२ उजुरी दर्ता भएका छन्। नयाँ दर्ता भएका र पुराना गरी ७९५ उजुरीमाथि अनुसन्धान सम्पन्न भएको आयोगले जनाएको छ। छुवाछूत तथा बलात्कारका घटनामा कमी आउन सकेको छैन।

प्रतिवेदनमा समाजमा जातीय भेदभावको विद्यमान स्थिति, जीवनको अधिकारमा चुनौती, उपभोक्ताका अधिकार कुण्ठित हुनु, शिक्षा तथा स्वास्थ्य सेवामा सबैको पहुँच हुन नसक्नु जस्ता परिस्थितिले नागरिकका संविधानप्रदत्त हक प्रचलनमा अझै सहज वातावरण बन्न नसकेको उल्लेख छ।

वैदेशिक रोजगारीमा गएका श्रमिक श्रम शोषणमा पर्ने गरेको, महिला तथा बालहिंसाका कारण जनजीवन असहज अवस्थामा रहेको, सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, अल्पसङ्ख्यक, ज्येष्ठ नागरिकलगायतको अधिकारको संरक्षणमा राज्यले विशेष ध्यान पुऱ्याउन नसक्दा ती वर्ग एवं समुदायका अधिकार सुनिश्चित हुन नसकेको र कोभिड-१९ का कारण विश्व समुदायसँगै नेपाल पनि प्रभावित बनेको अवस्थामा जनताको स्वास्थ्य क्षेत्रमा नकारात्मक असर परेको प्रतिवेदनमा छ।

"देशको मानवअधिकारको अवस्थामा अपेक्षाकृत सुधार हुनसकेको छैन", आयोगका सचिव वेदप्रसाद भट्टराईले भन्नुभयो,

बाँकी तीन पृष्ठमा

हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरु हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरु सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

अब पाइपलाइनबाट पेट्रोल पनि ल्याइने

वीरगञ्ज, २५ मङ्सिर (रासस)।

मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइनबाट अगामी एक वर्षभित्र पेट्रोल ल्याउन गृहकार्य शुरुआत गरिएको छ। यसअघि विसं २०७६ भदौदेखि भारतको मोतिहारीबाट पाइप लाइनमार्फत अमलेखगञ्जस्थित नेपाल आयल निगमको डिपोमा डिजल ल्याउन थालिएको थियो। अब एक वर्षभित्र सोही पाइप लाइनमार्फत पेट्रोल ल्याउन गृहकार्य शुरु गरिएको हो।

निगमको सञ्चालक समितिले मोतिहारीबाट पेट्रोल पनि ल्याउन निगमलाई स्वीकृति दिएपछि काम अगाडि बढाइएको र यसका लागि भारतीय आयल निगम (आइओसी)सँगकुराकानी भइरहेको निगम प्रदेश नं २ को प्रादेशिक कार्यालय अमलेखगञ्ज बाराले जनाएको छ।

कार्यालयका प्रमुख भरत रेग्मीले भन्नुभयो, "४२ लाख लिटर पेट्रोल भण्डारण गर्ने क्षमताको दुईवटा पेट्रोल टचाङ्की अमलेखगञ्ज डिपोमा तयार भइरहेको छ। दुई टचाङ्कीमध्ये एउटा टचाङ्की भारत सरकारले बनाउन लागेको छ भने एउटा टचाङ्की आयल निगमले आफैं बनाउने छ।" टचाङ्की निर्माण भएपछि एकपटकमा २४ टचाङ्करमा स्वचालित उपकरणबाट तेल हाल्न सकिने छ। टचाङ्की आगो नलागोस् भनेर तथा आगो लागेपछि सो आगो निभाउन ३०/३० लाख गरी पानी भण्डारण गर्ने दुईवटा टचाङ्की तयार हुनेछ। साथै अत्याधुनिक प्रयोगशाला र २४ भ्याकरमा एकैपटक पेट्रोल लोड अनलोड गर्ने काम हुनेछन्।

नेपाल सरकारको करिव रु दुई अर्ब को लागतमा निर्माण भइरहेको सो पाइप लाइनमा अन्तर्राष्ट्रिय

बाँकी अन्तिम पृष्ठमा

'मानवलाई बाँच्नै ...

"भविष्यमा सुधारको अपेक्षा गरेर सबैले मानवअधिकारको रक्षाका निम्ति मिलेर काम गर्नुपर्छ।" नेपालमा राजनीतिक तथा जातीयरूपमा मानवअधिकार उल्लङ्घनका घटनामा कमी आउन सकेको छैन। ऐन कानून भए पनि त्यसको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन।

"देशमा महिला, दलित, जनजातिलगायतका विविध विषयमा कानून निर्माण भए पनि कार्यान्वयनमा कठिनाइ देखिएको छ", महिला अधिकारकर्मी डा रेणु राजभण्डारीले भन्नुभयो, "समाजमा चेतनाकोस्तरमा वृद्धि नभएसम्म सुधारको अपेक्षा गर्न सकिँदैन।"

अधुरै सङ्क्रमणकालीन न्याय

सरकारले विस्तृत शान्ति सम्झौतापछि दशवर्षे सशस्त्र द्वन्द्वकालमा भएका घटनाको सत्य पत्ता लगाउने उद्देश्यले गठन गरेको सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले अझै पनि पीडितलाई न्याय दिने काम पूरा गर्न सकेको छैन।

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन गर्न बनेको आयोग ऐन, २०७१ आएपछि दुई वर्षका लागि गठन गरेको आयोगले चार वर्षसम्म पनि काम गर्न नसकेपछि पहिलो पदाधिकारीलाई बिदाइ गरेर दुवै आयोगमा नयाँ पदाधिकारी ल्याएर काम अघि बढाइएको छ। तर पीडितहरू भने न्याय पाउने पूर्ण आशामा अझै छैनन्।

सत्य निरुपण तथा मेलमिलाप आयोगमा पीडितका ६४ हजार उजुरी परेका छन् भने बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा तीन हजार १९७ उजुरी परेका छन्। ती उजुरीउपर छानबिन गरी दोषीलाई कारवाही र पीडितलाई न्याय दिने काम निकै ढिलाइ भइरहेको छ।

पीडितहरू अझै पनि न्याय पाउने आशामा छन्। आयोगको सिफारिसअनुसार परिपूरणको व्यवस्था पनि छ। सरकारले दुईपटक गरेर पीडितलाई रु १० लाख राहतस्वरुप प्रदान गरेको छ। द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीका अनुसार पीडितको त्यति ठूलो माग पनि छैन। द्वन्द्वका घाइतेलाई स्वास्थ्य उपचारको व्यवस्था मिलाउने र तिनीहरूका सन्तानलाई शिक्षा तथा रोजगारको व्यवस्था मिलाउने मात्र काम भए पनि पीडितले न्याय पाएको महसुस गर्ने थिए।

दुई आयोगको कानून संशोधनका विषयमा ढिलाइ भइरहेको छ। सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय कानून, सन्धि सम्झौता, पीडितको सहभागिताका कानून संशोधन गर्न आदेश दिएको छ। पीडितले पनि पीडितको भावनालाई समेट्ने गरी ऐन संशोधन गर्नुपर्ने माग राखेका छन् तर पीडितको माग पूरा हुनसकेको छैन। "विस्तृत शान्ति सम्झौता भएको पनि १३ वर्ष बितिसक्यो, गर्भमा भएका बच्चा जन्मिएर उच्च शिक्षा पढ्ने बेला भइसक्यो", द्वन्द्वपीडित साझा चौतारीका अध्यक्ष अधिकारीले भन्नुभयो, "न्याय पाउने आशामा पीडित भौतारिँदा भौतारिँदै जीवनको उर्वर समय खेर गयो, तर न्याय पाएनन्।"

विश्वव्यापीरूपमा फैलिएको कोभिडको प्रभावका कारण मानवअधिकार सङ्कटमा परेका बेलामा अन्य खालका मानवअधिकारका मुद्दा ओझेलमा परेका छन्। महामारीका बेला बाँच्नु नै ठूलो विषय भएको हुँदा बाँच्ने र बचाउने काममा सरकार तथा सरोकारवाला निकायको ध्यान केन्द्रित हुनुपर्ने देखिन्छ।

मत्स्य कृषकहरुका लागि जानकारी

पोखरीको तयारी

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

घर पोतने चुना :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

मल: गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

स्टकिंग प्रतिशत

सि. नं.	माछाको नाम	स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत	स्टोकिङ्ग डेन्सिटी-२	स्टोकिङ्ग डेन्सिटी-३	स्टोकिङ्ग डेन्सिटी-४
१	कमनकार्प	२५	२०	४०	२०
२	सिल्भर कार्प	३५	४०	२५	२०
३	बिगहेड कार्प	१०	२०	१५	४०
४	ग्रास कार्प	५	१०	१०	१०
५	रह	१५			१०
६	नैनि	१०	१०	१०	
७	भाकुर				

मछाको आहार विहार

माछाको नाम	आहाराको क्षेत्र	आहारा
भाकुर	पानीको माथिल्लो भाग देखीमध्य भाग	जुप्लाक्टन
रहु	पानीको मध्य भागदेखी पिंध सम्म	डेट्रिटस, दाना
नैनि	पानीको पिंधभागमा	सर्वाहारी दाना
सिल्भर कार्प	पानीको माथिल्लो भाग	फाईटोप्लांटन
बिगहेड कार्प	पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म	जुप्लांक्टन
ग्रास कार्प	पानीको जुन सुकै भागमा	घाँस, दाना
कमनकार्प	पानीको पिंधभागमा	सर्वाहारी दाना

प्रयोग :

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

वा

२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी

मोवाईल नं. ९८५२८२०९३५

विश्व समाचार

कोभिड-१९ विरुद्धको संघर्षमा गेट्स फाउन्डेसनले थप २५ करोड डलर दिने घोषणा

न्यूयोर्क, २५ मंसिर (रासस-सिन्ह्वा)।

अमेरिकाको सियाटलमा मुख्यालय रहेको बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेसनले कोभिड-१९ सँग सम्बन्धित अनुसन्धान तथा कोभिड-१९ खोपको परीक्षण, उपचार र खोपको समान वितरणका लागि थप २५ करोड डलर उपलब्ध गराउने बिहीबार घोषणा गरेको छ।

सन् २०२१ मा सबैका लागि कोभिड-१९ सँग सम्बन्धित वैज्ञानिक नवीन खोजमा पहुँच उपलब्ध गराउन पनि सबैसँग फाउन्डेसनले आह्वान गरेको छ।

फाउन्डेसनले जारी गरेको विज्ञप्तिमा सन् २०२१ मा विश्वको अवस्थामा व्यापक सुधार हुने अपेक्षा पनि गरिएको छ। फाउन्डेसनकी सह-अध्यक्ष मेलिन्डा गेट्सले विश्वका सबै ठाउँका धनी गरिब सबै किसिमका मानिसले कोभिड-१९ को खोप सहज र सुलभ रुपमा प्राप्त गरेको सुनिश्चित गर्न विश्वका नेताहरुले विशेष रुपमा ध्यान दिने विश्वास पनि व्यक्त गर्नु भएको छ।

फाउन्डेसनले कोभिड-१९ को खोपलाई सस्तोमा सबै क्षेत्रमा खासगरी न्यून आय भएका मुलुकहरुमा उपलब्ध गराउन घोषित रकमको उपयोग गरिने पनि जनाएको छ।

विज्ञप्तिमा भनिएको छ, "अहिले हामीसँग यस वर्षको शुरुमा अपेक्षा गरिएको भन्दा खोपहरुको विकास निकै तिब्र गतिमा भएको छ। तर यी नवीन खोज सबैको पहुँचमा उपलब्ध भएमा मात्र त्यसले सार्थक नतिजा दिन सक्दछ।"

कोभिड-१९ विरुद्धको संघर्षमा विश्वका धनाढ्य बिल गेट्सको अगुवाईमा स्थापित गेट्स फाउन्डेसनबाट भएको कूल प्रतिबद्धता १ खर्ब ७५ अर्ब डलर पुगेको छ।

ब्राजिलमा कोरोना भाइरसबाट करिब एक लाख ७९ हजारको मृत्यु

ब्राजिल, २५ मङ्सिर (रासस/सिन्ह्वा)।

ब्राजिलमा कोरोना भाइरस (कोभिड-१९) बाट बुधबार ८३६ जनाको मृत्युपछि कुल मृतकको संख्या एक लाख ७८ हजार ९९५ पुगेको समाचारमा जनाइएको छ।

ब्राजिलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार अहिलेसम्म अर्थात् बुधबार सम्ममा ब्राजिलमा कोरोनाको कारण एक लाख ७९ हजार ९९५ जनाको मृत्यु भएको छ।

त्यसैगरी यहाँ गएको २४ घन्टा यता मात्र गरेको परीक्षणका क्रममा ५३ हजार ४५३ जनामा संक्रमण देखिएको पुष्टि भएको पनि यहाँको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

दक्षिण अमेरिकी यस देश कोरोनाबाट सबैभन्दा धेरै प्रभावित बनेको ब्राजिलमा अहिलेसम्म कोरोनाका ६७ लाख २८ हजार ४५२ जना संक्रमित फेला परिसकेका छन्।

ब्राजिलमा पछिल्ला दिनमा कोभिडका कारण मृत्यु हुनेको संख्या बढ्दै गएको बताइएको छ। ब्राजिल अमेरिकापछि कोरोनाबाट मृत्यु हुनेको संख्याको आधारमा दोस्रो सबैभन्दा प्रभावित मुलुक हो।

ब्राजिलमा गत २४ घन्टामा ८३६ जना कोरोना भाइरसका संक्रमित विरामीको ज्यान गएको पनि सो मन्त्रालयले जनाएको छ। केही महिना यतादेखिको मृत्यु संख्या हेर्दा एकै दिनमा भएको यो सबैभन्दा धेरै मृत्यु हो।

कोरोना नियन्त्रण गर्न नसकेको भन्दै ब्राजिलका राष्ट्रपति जेयर बोल्सोनारोको आलोचना हुँदै आएको छ। यसैक्रममा पछिल्लो पटक झन् धेरै संक्रमित भेटिन थालेपछि उहाँको विरोध भएको हो।

यहाँ पछिल्लो समयमा मृत्यु हुनेको संख्यामा पनि वृद्धि हुने गरेको ब्राजिलका स्वास्थ्य अधिकारीले जनाएका छन्। उनीहरुले ब्राजिलमा कोरोनाको दोस्रो चरणको लहर आएको बताएका छन्।

भारतमा बुधबार एकै दिनमा ३१ हजार ५२२ संक्रमित

नयाँ दिल्ली, २५ मङ्सिर (रासस/एएनआई)।

भारतमा बुधबार एक दिनमा थप ३१ हजार ५२२ व्यक्तिमा कोरोना भाइरस संक्रमण पुष्टि भएपछि कोरोना भाइरस संक्रमितको संख्या ९७ लाख ६७ हजार ३७२ पुगेका केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जनाएको छ।

जसमध्ये ९२ लाख ५३ हजारभन्दा बढी संक्रमणमुक्त भएका छन्। सो मन्त्रालयका अनुसार हाल तीन लाख तीन ७२ हजार २९३ व्यक्ति अझै सक्रिय संक्रमित अवस्थामा छन्। भारतमा एकै दिन ५० हजारभन्दा कम संक्रमित भेटिएको यो लगातार ३२ औं दिन हो।

भारतमा कोरोना भाइरस संक्रमणबाट २४ घण्टामा थप ४१२ जनाको मृत्यु भएको र यो सहित भारतमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या एक लाख ४१ हजार ७७२ पुगेको छ।

भारतभरी सबभन्दा बढी कोरोना भाइरस प्रभावित राज्य महाराष्ट्रमा ७४ हजार ३१५ अझै पनि सक्रिय संक्रमित रहेका बुधबार जनाइएको छ। महाराष्ट्रपछि केरलामा ६० हजार ६६ सक्रिय संक्रमित अवस्थामा रहेका छन्।

दिल्लीमा २० हजार ५४६ सक्रिय संक्रमित रहेका छन् भने ५ लाख ६९ हजार २१६ व्यक्ति संक्रमणबाट मुक्त भएका छन्। दिल्ली कोरोना भाइरस संक्रमणको कारण ९ हजार ८१३ जनाको मृत्यु भएको छ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले भारतमा कुल १५ करोड ७ लाख ५९ हजारको नमूना परीक्षण गरेको जनाएको छ। बुधबार एकै दिनमा ९ लाख २२ हजार ९५९ जनाको नमूना परीक्षण भएको थियो।

तिलाठीमा महिला हिंसाबिरुद्ध अन्तरक्रिया सम्पन्न

दैनिक समाचारदाता
राजविराज २५, मंसिर ।

लैंगिक हिंसा अन्त्यको प्रतिबद्धता जनाउँदै सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत विहिबार अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको छ ।

"व्यक्ति, समाज र सबैको ऐक्यबद्धता" भन्ने नाराका साथ आयोजित कार्यक्रममा बोल्दै वक्ताहरुले पछिल्ला दिनहरुमा लैंगिक हिंसाका घटनाहरु अत्यधिक संख्यामा बढ्दै जानु चिन्ताको बिषय भएकोमा चिन्ता व्यक्त गरेका छन् । त्यस्ता घटनाहरुले परिवार र समाजलाई नै नोक्सानी हुने उनीहरुको कथन थियो ।

लैंगिक हिंसाको अवस्था दिनानुदिन भयावह बन्दै गएकोले त्यसको न्युनीकरणका लागि सबैले आ-आफ्नो ठाउँबाट पहल गर्नुपर्नेमा उनीहरुको जोड थियो ।

सो कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष सुचिता कुमारी यादव, प्रमुख प्रशासकीय अधिकृत केशव कुमार झा, वडा अध्यक्षहरु दिनेश्वर मिश्र, खगेन्द्र मण्डल, मनोज चौधरी, गोविन यादव, लक्ष्मीप्रसाद मण्डल, गुलाबप्रसाद सिंह, जनस्वास्थ्य अधिकृत भूपेन्द्र झातथा वडा सचिवहरु मिथिलेश झा, राजेश सिंह, जगदिश यादव, सन्तलाल मण्डल, मुक्तिलाल यादव सहितकाले मन्तब्य ब्यक्त गरेथिए ।

गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झाले स्वागत गरेका थिए भने कार्यक्रम जनस्वास्थ्य निरीक्षक दिपककुमार मण्डलले सञ्चालन गरेका थिए ।

समुन्नती कार्यक्रम बार्षिक कार्यक्रमको फिल्ड अनुगमन

दैनिक समाचारदाता
राजविराज २५, मंसिर ।

सबल नेपालद्वारा संचालित समन्नती कार्यक्रम तथा लैंगिक विभेद निर्मुलिकरणको बार्षिक प्रगती बारेमा जिल्ला कार्यक्रम सल्लाहकार समिति फिल्ड अनुगमन गरिएको छ ।

बिहिवार जिल्ला कार्यक्रम सल्लाहकार समिति फिल्ड अनुगमनका संयोजक प्रभाकर यादबको अगुवाईमा स्थलगत निरिक्षण गरिएको हो ।

टोलीले सप्तरीको सुरूङ्गा नगरपालिका र खडग नगरपालिकाको विभिन्न वडामा समुन्नती कार्यक्रम अन्तर्गत स्वास्थ, शिक्षा र कृषी क्षेत्रमा गरिएको कार्यक्रमको अवलोकन गरिएको सबल नेपालका फिल्ड अफिसर रोशन मण्डलले जानकारी दिएका छन ।

सो अनुगमन टोलीमा जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादब, स्वास्थ कार्यालय सप्तरी प्रमुख दुनियालाल यादब, कृषि ज्ञान केन्द्रका प्रमुख राजेन्द्र प्रसाद यादब, शिक्षा बिकास तथा समन्वय ईकाई प्रमुख फणिन्द्र खत्री, सबल नेपालकका अध्यक्ष जुना गिरी, सबल नेपालका कार्यक्रम संयोजक नन्दकिशोर चौधरी लगायत सुरूङ्गा नगरपालिका तथा खडग नगरपालिकाका विभिन्न वडाका वडा अध्यक्षहरूको सहभागिता रहेको थियो ।

चारलाख रकम ...

टसाई अर्का एक जनाले ज्याकेटको तिन वटा खल्तीमा राखेको हजारको नोट तिन बन्डल र पाँच सयको नोट दुई बन्डल गरि चार लाख रुपैयाँ लुटेर लगेको पीडित यादवले बताए । रकम लिइसकेपछि यादवलाई रोडबाट तल खेतमा खसाली मोटरसाइकल चढेर उत्तरतिर भागेको पीडितले बताए ।

इलाका प्रहरी कार्यालय लहानका निमित्त प्रमुख प्रहरी निरीक्षक सुभाष खतिवडाले रकम लुटिएको थाहा पाए लगत्तै घटनास्थल पुगेर अनुसन्धान गरिएको बताउँदै सहकारीको सिसिटिभी फुटेज हेरेर थप अनुसन्धान गरिरहेको जानकारी दिएका छन् ।

सुरक्षा सतर्कता बढाउन निर्देशन

काठमाडौं २५ मङ्सिर (रासस) ।

नेपाल प्रहरीले मुलुकभर सुरक्षा सतर्कता बढाउन निर्देशन दिएको छ । कानूनविपरीतका आपराधिक घटना बढ्न सक्ने जनाउँदै उसले आफ्ना मातहतका ७७ वटै जिल्लाका प्रहरीलाई उच्च सावधानीका साथ सुरक्षा सतर्कता बढाउन भनेको हो ।

प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले भन्नुभयो, "पहिलेदेखि लागू हुँदै आएको सुरक्षा योजनालाई अझै कडाइका साथ पालना गर्न भनिएको छ, सुरक्षा चुनौती विष्लेषण गरेर संयुक्तरूपमा टोली परिचालन गर्ने कुरालाई विशेष ध्यान दिने गरी निर्देशन भएको छ ।"

यही मङ्गलबार मोरङको मिक्लाजुङमा शिक्षक राजेन्द्रकुमार श्रेष्ठको बर्बतापूर्ण तरिकाले हत्या भएको थियो । उक्त हत्यामा नेत्रविक्रम चन्द समूहको संलग्नता रहेको प्रहरीले जनाएको छ ।

घटना भएको भोलिपल्ट बुधबार गृह मन्त्रालयले तीनवटै सुरक्षा निकायमा प्रमुखसँग 'सुरक्षा ब्रिफिङ' लिएको थियो । उक्त ब्रिफिङ नियमित भएको गृह प्रवक्ता चक्रबहादुर बुढाले जानकारी दिनुभयो ।

यसअघि सो समूह विभिन्न भौतिक संरचनालाई क्षति पुऱ्याउन विष्फोट गराउने क्रियाकलाप गर्नमा बढी उद्यत थियो । उपत्यकामा बम पड्काउने क्रममा केही सर्वसाधारण र केही आफ्नै कार्यकर्तासमेत मारिएका थिए ।

गतिविधि आपराधिक हुन थालेपछि सरकारले विसं २०७५ फागुन २८ गतेबाट चन्द समूहका गतिविधि रोक्ने निर्णय गरेको थियो । यसपछि प्रहरीले उपल्लोस्तरका नेतासहित झण्डै दुई हजारलाई पक्राउ गरी कारवाही गरेको थियो । तीमध्ये एक हजार ८९४ मुद्दा दर्ता भएको छ । पक्राउ परेकामध्ये धेरै छुटेका छन् ।

प्राप्त विवरणअनुसार १३८ जना पुर्पक्षका लागि थुनामा छन् भने अरु सबै छुटेका छन् । छयालीस जनाविरुद्ध अहिले अनुसन्धान जारी रहेको प्रहरी प्रवक्ता कुँवरले जानकारी दिनुभयो ।

यस बीचमा चन्द समूहबाट प्रहरीले ४३ वटा पेस्तोल, विभिन्न हतियारमा प्रयोग हुने ५०० राउण्डभन्दा बढी गोली, दुई रिभल्वर, तीन थ्रीनट थ्री, एक/एक थान एसएलआर र एलएमजी, एम-१६ र सात एसएमजी बरामद गरिसकेको छ । यस्तै प्रहरीले दुई प्रेसर कुकर बम, आठ सुतली बम, २३ सकेट बम, ३८ हाते ग्रिनेट, २१० थान डेटोनेटर पनि बरामद गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

अब पाइपलाइनबाट ...

गुणस्तरको पाइप जडान गरिएको छ । साथै निर्माण भइरहेको पेट्रोल टचाङ्करमा स्वचालित उपकरणबाट जाँच गर्न सकिने जनाइएको छ ।

पाइप लाइनमा पेट्रोल ल्याउन मोतिहारी तर्फ काम सम्पन्न भइसकेको बताइएको छ । भारतीय आयल कर्पोरेशन लिमिटेडले मोतिहारीमा भर्टिकल टचाङ्क निर्माण गर्ने काम शुरु गरेको छ । यसैगरी अमलेखगञ्जस्थित निगमको कार्यालयमा पेट्रोल आपूर्ति गर्नका आवश्यक पर्ने पूर्वाधारको काम अगाडि बढाइएको छ ।

कार्यालय हाताभित्र पश्चिमतर्फ रहेको छ बिघा क्षेत्रफलमा रहेको खाली जग्गामा आवश्यक कामहरू हुनेछन् । अहिले सो पाइपबाट भारत विहारको पटनामा पम्पिङ गरेर अमलेखगञ्ज डिपोमा डिजल आउने गरिएको छ । मोतिहारीमा पेट्रोल ल्याउने काम सम्पन्न भएपछि त्यहीबाट पम्पिङ गरेर पेट्रोल पनि ल्याइने छ । प्रतिघण्टा तीन लाखदेखि चार लाख लिटरसम्म पेट्रोल आपूर्ति गर्न सकिने जनाइएको छ ।

पाइप लाइनबाट पेट्रोल आपूर्ति हुन थालेपछि ढुवानी खर्चमा बचत , प्राविधिक नोक्सानीको अन्त्य, शुद्धता कायम, चुहावट र मिसावट अन्त्य, प्रदूषण तथा वातावरणमा हुने क्षतिको अन्त्य, भन्सार नाकामा हुने टचाङ्करको चापसमेत अन्त्य र पेट्रोलको अभाव पनि अन्त्य हुने विश्वास गरिएको छ ।



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*